जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०७५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ५७ पृष्ठः ४ | २०८३ असार ०५ शुक्रबार (Friday 19 June 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## प्रदेशमा आफ्नै प्रहरी प्रशासन आवश्यकः मुख्यमन्त्री यादव



**लक्ष्मी चौधरी**

जनकपुरधाम,४ असार । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशले आ नै प्रहरी प्रशासन र कर्मचारी संरचना प्राप्त गर्न सके सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापन लगायतको काम प्रभावकारी रूपमा गर्न सकिने बताउनुभयो । बहीबार जनकपुरधाममा आयोजित प्रदेशस्तरीय सडक सुरक्षासम्बन्धी कार्यशालालाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले प्रदेश सरकारलाई आवश्यक अधिकार र संरचना नहुँदा काम प्रभावकारी रूपमा अघि बढाउन कठिन भइरहेको बताउनुभयो । उहाँले प्रदेश सरकार आ नै प्रहरी प्रशासन र कर्मचारी संरचनाबिना अधिकारविहीनजस्तो बनेको उल्लेख गर्दै स ीय संरचनामाथि प्रश्न समेत उठाउनुभयो । उहाँले भन्नुभयो, "प्रदेशको प्रमुख विषय प्रदेश प्रहरी प्रशासन र कर्मचारी हो, त्यसमा नै अधिकार नहुँदा प्रदेशले कसरी प्रभावकारी रूपमा काम गर्न सक्छ ? अहिले पनि स सरकारले प्रदेशमाथि हुकुम चलाइरहेको अवस्था छ । तर, अधिकारमा पूर्णता दिएको छैन।" मुख्यमन्त्री यादवले सडक सुरक्षा तथा ट्राफिक व्यवस्थापनका लागि आवश्यक बजेट र अधिकारसमेत प्रदेशलाई पूर्ण रूपमा नआएको उल्लेख गर्दै प्रदेश सरकारलाई

–बाँकी तीन पेजमा

## व्यापारिक भवन प्रयोगविहीन

**जनार्जन खत्री**

सर्लाही, ४ असार । सर्लाहीमा पालिका, प्रदेश र स ीय सरकारले करोडौँ खर्चिएर निर्माण गरेका दर्जनौँ व्यापारिक तथा अन्य प्रयोजनका भवन प्रयोगविहीन छन्। लामो समयदेखि प्रयोगमा आउन नसकेका त्यस्ता भवन कतै तोडफोड हुने र कतै जीर्ण बनेर जाने भइरहेको स्थानीयको गुनासो छ। २०८१ फागुन १२ गते तत्कालीन उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले जिल्लाकै प्रमुख बजारका रूपमा रहेको लालबन्दी नगरपालिका–७ स्थित साझा संस्थाको प्राङ्गणमा तामझामसाथ उद्घाटन गर्नुभएको बहुउद्देश्यीय भवन अहिलेसम्म प्रयोगमा आउन सकेको छैन। चार करोड ४१ लाख रुपियाँ खर्चिएर स ीय सहरी विकास तथा भवन



निर्माण कार्यालय धनुषाले निर्माण गरेको यो भवन प्रयोगमा ल्याउन कुनै पनि निकायले पहल गरेका छैनन्। भवनको भुइँतलामा १७ वटा व्यापारिक सटर, पहिलो तलामा तीन वटा च्याम्बर कोठा र तेस्रो तलामा एक वटा च्याम्बरसहित हल, शौचालयसहितको सुविधा छन्। लालबन्दी नगरपालिका–७ का वडाध्यक्ष कृष्णकुमार कार्कीले नगरपालिका कार्यालय र साझा संस्थाबिच भवन प्रयोगका विषयमा सहमति जुट्न बाँकी रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "भवन बनेको जग्गा साझा संस्था भएकाले नगरपालिकाले भवन प्रयोगको विषयमा कुनै निर्णय गर्न सकेको छैन।" वडाध्यक्ष कार्कीले जुन प्रयोजनका लागि भवन निर्माण भएका हुन्, सो अनुसार प्रयोगमा

–बाँकी तीन पेजमा

## गर्मीमा विद्युत् अभाव : मधेसमा बढ्दै छ आक्रोश

जनकपुरधाम, ४ असार । मधेसवासी यतिखेर उखरमाउलो गर्मी र अनियमित विद्युत् आपूर्तिको दोहोरो मारमा परेका छन् । चर्को गर्मीका बेला बारम्बार हुने अघोषित विद्युत् कटौतीले जनजीवन कष्टकर बन्नुका साथै नागरिकमा आक्रोश बढ्दै गएको छ। जलेश्वर नगरपालिका–२ का जानकी साह गर्मीले हायलकायल भएको गुनासो गर्छन् । 'पटक–पटक विद्युत् जाँदा दिक्क भइसक्यौँ,' उनले भने, 'वितरण केन्द्रमा फोन गर्दा प्राविधिक समस्या देखाउँदै मर्मत भइरहेको एउटै जवाफ मात्र आउँछ ।' मधेसमा हरेक वर्ष गर्मीयाममा



यस्तै समस्या दोहोरिने गरेको र नियमित विद्युत् आपूर्ति कहिलेदेखि हुन्छ भन्ने स्पष्ट उत्तर कतैबाट नपाइएको उनको गुनासो छ।


जलेश्वर–३ का राजु पाण्डे र वडा नम्बर ४ का सुरेश झाको गुनासो पनि यस्तै छ । पाण्डे भन्छन्, 'वास्तवमै प्राविधिक समस्या हो भने यसको दीर्घकालीन समाधान खोजिनुपर्छ । नागरिकलाई अन्धकारमा राखेर प्राधिकरण जिम्मेवारीबाट पन्छिन मिल्दैन ।' विद्युत् कटौतीका कारण घरायसी कामकाज मात्र नभई व्यापार व्यवसाय, स्वास्थ्य सेवा र दैनिक जीवन गम्भीर रूपमा प्रभावित भएको झाले बताए। उनले नेपाल विद्युत् प्राधिकरणसँग नियमित मर्मतसम्भार, पूर्वसूचना प्रवाह र प्रभावकारी व्यवस्थापनको माग गरे । विशेषगरी बालबालिका, वृद्धवृद्धा र बिरामीहरू गर्मीका कारण बढी प्रभावित भएका छन् । पङ्खा, कुलरजस्ता विद्युतीय उपकरण चलाउन नपाउँदा सर्वसाधारणको दैनिकी कष्टकर बनेको छ।

**के भन्छ वितरण केन्द्र ?**

उपभोक्ताको आक्रोशबारे जलेश्वर वितरण केन्द्रका प्रमुख इन्जिनियर रोशन कुमार सिंहले नागरिकको गुनासो जायज भएको स्वीकार गरे । उनले समस्या समाधानका लागि प्रयास भइरहे पनि स्थानीयस्तरमा केही व्यावहारिक कठिनाइ रहेको बताए । 'हामी रौजामा ट्रान्सफर्मर जडान गर्न खोजिरहेका छौँ, तर स्थानीयको आवश्यक सहयोग नपाउँदा काम प्रभावित भएको छ,' सिंहले भने। उनले ३३ केभी लाइन जडान भएपछि समस्या कम हुने र हाल बाटो विस्तारका कारण पनि लाइन काट्नुपर्ने बाध्यता रहेको स्पष्ट पारे । अत्यधिक माग बढेको र हाल एउटै ३३ केभी स्रोतमा निर्भर रहनुपरेकाले समस्या देखिएको भन्दै अर्को स्रोत थपिएपछि समस्या घट्ने उनले दाबी गरे।

राजधानी जनकपुरधामको अवस्था मधेस प्रदेशको राजधानी जनकपुरधाममै पनि अघोषित विद्युत् कटौती बढेपछि स्थानीयवासी आक्रोशित हुन थालेका छन् । जनकपुरधाम

–बाँकी तीन पेजमा


GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं

- बर्षाको समयमा बाढी पहिरो तथा चट्याङ्को जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदि किनारा वा भिरालो जमिनमा बसोबास भएकाहरु बिशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## ‘हेलो सरकार’ को प्रभावकारिता

सरकार र नागरिकबिचको संवाद र सहकार्य राज्य सञ्चालनको महत्वपूर्ण कडी हो। सरकारका कुरा नागरिकले र नागरिकका कुरा सरकारले सुन्दा आत्मीयता बढ्छ, अविश्वास घट्छ। संवादबाटै विश्वासको वातावरण बनाएर समस्याको पहिचान र समाधान गर्न सकिन्छ। लोकतान्त्रिक सरकारले नागरिकसित सरोकार राख्ने सबै विषयलाई कसरी सम्बोधन गर्ने भनी राज्यसंयन्त्रलाई क्रियाशील बनाउँछ। पछिल्लो समय ‘हेलो सरकार’ सेवा सरकारी निकाय र नागरिकबिच संवादको प्रभावकारी माध्यम बनेको छ। यो सेवा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय अन्तर्गत सञ्चालित छ। अहिले यसमा बहुच्यानल प्रणाली, चौबिसै घण्टा सेवा र आधुनिक प्रविधिको प्रयोग गरिएको छन्न जसले गर्दा उजुरी तथा गुनासो व्यवस्थापनमा उल्लेख्य प्रगति भएको छ। सेवा प्रवाहमा नागरिकका गुनासा, सुझाव, जिज्ञासालाई राज्यसंयन्त्रसम्म सहज रूपमा पुऱ्याई तिनको प्रभावकारी सम्बोधन गर्न ‘हेलो सरकार’ क्रियाशील छ। फलस्वरूप यो सेवा सार्वजनिक प्रशासन र सुशासनको महत्वपूर्ण औजार बन्दै छ। यसमा नागरिकको पहुँच विस्तार भएको छ। उजुरी तथा गुनासोको सङ्ख्या उल्लेख्य रूपमा बढेको छ। वर्तमान सरकारले यो सेवालाई गुनासो सुनुवाइको माध्यमम मात्र सीमित राखेको छैनन्न नागरिक–सरकार संवाद, नीतिगत सुधार तथा सार्वजनिक सेवा प्रवाहको गुणस्तर मापन गर्ने एकीकृत ‘प्लेटफर्म’ का रूपमा विकास गर्ने रणनीतिसहित अगाडि बढाएको छ।

शासकीय सुधारसम्बन्धी सरकारको सयदिने कार्यसूचीको बुँदा नम्बर २४ मा चौबिसै घण्टा राष्ट्रिय नागरिक सहायता तथा गुनासो व्यवस्थापन प्रणाली सञ्चालन गर्ने लक्ष्य राखिएको छ। त्यसलाई ‘हेलो सरकार’ शाखामार्फत कार्यान्वयनमा ल्याइएको छ। कार्यसूचीको सोही बुँदामा रहेको फोन, मोबाइल एप, वेबपोर्टल तथा सामाजिक सञ्जालमार्फत गुनासो दर्ता गर्न सकिने ‘बहुच्यानल’ प्रणाली स्थापना गरिँदै छ। यो प्रणाली कार्यान्वयनमा आउनेबित्तिकै विभिन्न माध्यमबाट हेलो सरकारमा आएका उजुरी तथा गुनासा स्वचालित रूपमा सम्बन्धित कार्यालयसम्म जाने मात्र नभई त्यसको निगरानीसमेत प्रभावकारी ढङ्गले हुने र नतिजा प्राप्तिमा समेत सहज हुने छ। त्यस्तै बुँदा नम्बर २५ अनुसार ‘हेलो सरकार’ लाई स्तरोन्नति गरी नागरिक संवादको ‘प्लेटफर्म’ का रूपमा विकास गर्ने, एकीकृत ‘ड्यासबोर्ड’ मार्फत सबै मन्त्रालयसँग प्रत्यक्ष समन्वय गर्ने तथा गुनासो समाधानको प्रगति वास्तविक समयमा अनुगमन गर्ने व्यवस्था मिलाइने छ। सोही अनुसार अहिले ‘हेलो सरकार’ मा आउने गुनासोलाई नीतिगत बहसको आधार बनाइँदै छ। आउँदो आर्थिक वर्ष २०८३/८४ को बजेटले समेत ‘हेलो सरकार’ लाई ‘सरकार–नागरिक’ संवादको केन्द्रीय प्लेटफर्मका रूपमा विकास गर्ने नीति लिएको छ। बजेटमा सरकारी कार्यालयमा ‘डिजिटल टाइमकार्ड’ लागु गर्ने तथा ‘हेलो सरकार’ मार्फत प्राप्त गुनासो निश्चित समयसीमाभित्र सम्बोधन गर्नुपर्ने व्यवस्था गरिएको छ। अब गुनासो सम्बोधनको अवस्थालाई कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनसँग समेत जोड्ने तयारी भइरहेको छ। यसबाट सार्वजनिक प्रशासनमा उत्तरदायित्व र कार्यसम्पादन संस्कृतिको विकास हुने अपेक्षा गरिएको छ।

प्रविधिको उपयोगलाई थप विस्तार गर्दै हेलो सरकारले कृत्रिम बौद्धिकता (एआई) मा आधारित प्रणाली विकास गर्ने तयारी पनि गरिरहेको छ। अब गुनासो दर्ता हुनेबित्तिकै स्वचालित रूपमा सम्बन्धित कार्यालयमा पुग्ने, गुनासोकर्तालाई जानकारी गराउने तथा प्रगति अवस्थाबारे नियमित सूचना दिने प्रणाली लागु हुने भएको छ। टेलिफोनमार्फत प्राप्त हुने गुनासोलाई समेत एआईको सहयोगमा स्वतः शब्दमा रूपान्तरण गरी प्रणालीमा प्रविष्ट गर्ने प्रविधि विकास गर्ने तयारी गरिएको छ। यसबाट हाल प्रणालीमा दर्ता नभई टेलिफोनबाटै समाधान हुने कतिपय गुनासो पनि अभिलेखीकरणको दायरामा आउने अपेक्षा गरिएको छ। विसं २०६८ कात्तिक १७ बाट ‘हेलो सरकार’ सेवा सञ्चालनमा आएको हो। विगतमा यो सेवालाई प्रभावकारी बनाउन सकिएको थिएन। वर्तमान सरकारले शासकीय सुधारसम्बन्धी सयबुँदे कार्यसूचीमै यो विषय समावेश गरेपछि अहिले नागरिकका गुनासा दर्ता र समस्या समाधान दुवै क्षेत्रमा उल्लेख्य प्रगति भएको छ। चालु आव २०८२/८३ को जेठ मसान्तसम्ममा ४५ हजार ६२३ वटा गुनासा तथा उजुरी दर्ता भएका छन्। सार्वजनिक सेवा, सुशासन तथा उत्तरदायित्वका विषयमा नागरिकको चासो र सहभागिता उल्लेखनीय रूपमा बढेको छ। २०८३ असार २ सम्म ‘हेलो सरकार’ सेवामा कुल एक लाख १६ हजार सात वटा गुनासा दर्ता भइसकेका छन्। अहिले ‘हेलो सरकार’ मा ११७ वटा शीर्षकमा गुनासो दर्ता गर्न सकिन्छ। गुनासोको प्रकृति हेरेर ‘हेलो सरकार’ ले तिनलाई तुरुन्त, अति जरुरी, जरुरी र साधारण गरी चार वर्गमा विभाजन गरेर सम्बोधन गर्ने व्यवस्था मिलाएको छ। यो सेवाले नागरिकका हरेक समस्या र गुनासा सम्बोधन गर्न सक्यो भने पक्कै पनि सरकार र नागरिकबिचको सम्बन्ध थप घनीभूत हुने छ।

# लोकतन्त्रमा प्रक्रिया पनि खोजिन्छ, नतिजा मात्रै होइन

**सुशान्त तिवारी नेपाली**



नेटफ्लिक्सको एउटा चर्चित डकुमेन्ट्री ‘हाउ टु बिकम अ टाइरेन्ट’ मा एउटा रोचक प्रश्न सोधिन्छ– ‘टाइरेन्ट (निरंकुश) सरकार भनेको के हो ?’ अधिकांश उत्तरहरू सामान्य नै आउँछ– निरंकुश प्रवृत्ति भएको, अराजक तरिकाले निर्णय गर्ने, तानाशाही ढंगले शासन गर्ने, नागरिक स्वतन्त्रता हनन गर्ने सरकार। सामान्यतया हामीले पनि निरंकुशतालाई यसरी नै बुझेका छौं। तर उक्त डकुमेन्ट्रीले एउटा फरक र असहज परिभाषा पनि प्रस्तुत गर्दछ। त्यसका अनुसार निरंकुश सरकार भनेको ‘केवल परिणाम चाहने जनताका लागि बनेको सरकार’ हो। यो भनाइ अतिशयोक्तिपूर्ण लाग्न सक्छ तर आधुनिक लोकतन्त्रमा निरंकुशता सधैं ट्यांक, बन्दुक र प्रत्यक्ष दमनमार्फत मात्रै आउँदैन। कहिलेकाहीं त्यो ‘नतिजामुखी सरकार’ को आवरणभित्र पनि आउँछ र ‘हामी नतिजा दिन्छौं, त्यसैले धेरै प्रश्न नगर्नुस्, हामीलाई चुपचाप काम गर्न दिनुस्’ भन्ने भाष्य निर्माण गरिन्छ र सरकारले जनतालाई बिस्तारै विश्वास दिलाउँछ कि प्रश्न सोध्नु, आलोचना गर्नु, पारदर्शिता खोज्नु र जवाफदेहिता माग्नु विकासको बाधक हो।

आजको विश्व राजनीतिमा यो खतरनाक प्रवृत्ति बढ्दै गएको छ। ‘हामी धेरै बोल्दैनौं, काम गरेर देखाउँछौं’ भन्ने भाष्यको निर्माण हुँदै गएको छ। यस्तो सुन्दा राम्रो पनि लाग्छ। त्यसो त जनता पनि आजित छ– भाषण धेरै, काम कम गर्ने प्रवृत्तिबाट। त्यसैले जसले छिटो काम गर्छ, निर्णय गर्छ, सडक बनाउँछ, डोजर चलाउँछ, फाइल अघि बढाउँछ, उसलाई नै बलियो नेतृत्व मानिन्छ। तर समस्या तब सुरु हुन्छ, जब राज्यले नतिजालाई ‘विधि र प्रक्रिया, नागरिक अधिकार, लोकतन्त्र, मानवता’ भन्दा माथि राख्न थाल्छ। जब राज्यले यसैलाई मूल नारा बनाएर अगाडि बढ्न थाल्छ, तब नतिजामुखी सरकार बिस्तारै–बिस्तारै निरंकुश बन्न थाल्छ। किनभने लोकतन्त्र केवल नतिजाको प्रणाली होइन र कुनै काम सफल भयो कि भएन भनेर मापन गर्ने त्यस्तो ठोस आधार पनि छैन। एउटै विषय सत्तापक्षलाई सफल लाग्न सक्छ र प्रतिपक्षलाई असफल। वास्तवमा लोकतन्त्रको मूल मर्म, विधि र प्रक्रियासँग जोडिएको हुन्छ। लोकतन्त्र भनेको जवाफदेहिता पनि हो, संवेदनशीलता पनि हो, आलोचना सुन्ने क्षमता पनि हो र जनतासँग नियमित संवाद गर्ने संस्कार पनि हो।

यदि सरकारले ‘काम’ लाई मात्रै वैधता (लेजिटिमेसी) को स्रोत बनाउन थाल्यो भने उसले चाँडै नै आलोचनालाई अवरोधका रूपमा सम्झिन थाल्छ, प्रश्नलाई शत्रुता ठान्न थाल्छ र प्रक्रियालाई ढिलाइ गर्ने तत्त्वका रूपमा निष्कर्ष निकाल्न थाल्छ। अनि त्यहींबाट लोकतन्त्रको मर्म कमजोर हुन सुरु हुन्छ। अमेरिकी राजनीतिज्ञ स्टिभेन लेभिट्स्की र ड्यानियल जिब्लाटको चर्चित पुस्तक ‘हाउ डेमोक्रेसिज डाई’ ले यही कुरा भनेको छ– लोकतन्त्रहरू प्रायः एकै पटक सैनिक ‘कु’ बाट मर्दैनन्। ती बिस्तारै मर्छन्। संवैधानिक संस्थाहरू कमजोर पारेर, संसद्लाई अप्रासंगिक बनाएर, विपक्षलाई शत्रु मानेर, प्रेसलाई बेवास्ता गरेर, आलोचनालाई ‘विकासविरोधी’ भन्दै दमन गरेर। लोकतन्त्रको मृत्यु ‘स्लो पोइजन’ को असरजस्तै बिस्तारै–बिस्तारै हुन्छ। नेपालमा पनि अहिले यी प्रवृत्तिहरूको संकेत देखिन थालेका छन्। सरकारले बारम्बार भन्छ– ‘हामी काम गर्छौं, धेरै बोल्दैनौं’ तर लोकतन्त्रमा बोल्नु पनि महत्त्वपूर्ण पाटो हो। जनता केवल सडक र पुलका उपभोक्ता होइनन्, उनीहरू सार्वभौम नागरिक हुन्। प्रश्न सोध्ने उनको नैसर्गिक अधिकार हो, जुनसुकै बेला जुनसुकै ठाउँमा। र, याद रहोस्– प्रश्न सोध्ने व्यक्ति सधैं विरोधी मात्र हुँदैनन्। ऊ पीडित हुन सक्छ, करदाता पनि। र, मतदाता पनि। जनताले सोधेको प्रश्न वा जनप्रतिनिधिले सोधेको प्रश्नको जवाफ दिनु सरकारको न्यूनतम कर्तव्य हो। राज्यको चरित्र केवल ‘काम गर्ने’ भएर पुग्दैन, उक्त कार्यसम्पादन गर्दा राज्यसत्तासँग न्यूनतम मानवीय संवेदना पनि भएको हुनुपर्छ। विधिको शासन मान्ने हुनुपर्छ। प्रश्नको जवाफ दिन सक्ने साहस भएको हुनुपर्छ। राज्यले नागरिकलाई अवरोधका रूपमा होइन, मानवीय तवरले हेर्नुपर्छ। सुरु–सुरुमा त सबैलाई छिटो–छरितो निर्णय मन पर्छ। तर जब त्यो निर्णयले मानवीय गरिमा नै कुल्चिन थाल्छ, विधि र प्रक्रियाकै धज्जी उडाउन थाल्छ, त्यहींबाट जनतामा त्रास फैलिन्छ र त्यो राज्यको घोर असफलता हो। लोकतन्त्रमा नागरिक राज्यसँग त्रसित हुनु भनेको लोकतन्त्र मर्नुसरह हो।

हालै भौतिक पूर्वाधार तथा यातायातमन्त्री सुनील लम्सालले सडक निर्माणमा ढिलाइ भएको प्रति असन्तुष्टि जनाउँदै सम्बन्धित ठेकेदारलाई ‘काम गरेन भने खुट्टा भाँच्दिन्’ भन्ने अराजक अभिव्यक्ति दिए। निर्माण कार्यमा ढिलासुस्तीप्रति जनताको आक्रोश स्वाभाविक हुन सक्छ तर कानुनको शासनमा मन्त्रीको भूमिका कसैलाई शारीरिक हिंसाको धम्की दिने होइन। यो अभिव्यक्तिले एउटा गम्भीर प्रश्न उठाउँछ, के हामी यति धेरै ‘नतिजा’ को मोहमा परेका छौं कि कानुन र प्रक्रियाले केही महत्त्व नै राख्दैन ?

लोकतन्त्रमा राज्यको प्रभावकारिता केवल छिटो निर्णय गरेर मात्रै देखिँदैन। हालको समयमा प्रभावकारितालाई गलत रूपमा गतिसँग दाँजिँदै छ। यदि सरकारले छिटो सडक बनायो तर त्यस क्रममा हजारौं मानिसको अधिकार उल्लंघन भयो भने त्यो प्रभावकारिता होइन।यति मात्रै हैन, सुर्खेतमा काफल बेच्ने महिलामाथि नगर प्रहरीले गरेको दुर्व्यवहार होस् वा भन्सार नाकाहरूमा सामान्य नागरिकमाथि हुने अपमानजनक व्यवहार, यस्ता घटनाले राज्यको चरित्रबारे गम्भीर प्रश्न उठाउँछन्। जब राज्यलाई केवल ‘ल एन्ड अर्डर’, नियन्त्रण र नतिजा मात्रै महत्त्वपूर्ण लाग्न थाल्छ, उसले नागरिकलाई मान्छेका रूपमा होइन, व्यवस्थापन गर्नुपर्ने वस्तुका रूपमा हेर्न थाल्छ। आ नै नागरिकलाई सार्वजनिक रूपमा अपमानित गरेर वा सम्भावित अपराधीझैं व्यवहार गरेर राज्यले आफूलाई प्रभावकारी (इफेक्टिभ) ठान्छ भने त्यो राज्यको दक्षता (एफिसिएन्सी) होइन, संवेदनशीलताको विफलता हो। राज्यको शक्ति नागरिकलाई अपमानित गर्नका लागि होइन, संरक्षण गर्नका लागि हो। कानुन कार्यान्वयन आवश्यक छ तर त्यसका नाममा नागरिकको सम्मान र मानवीय व्यवहार समाप्त गर्न पाइँदैन। सुकुमवासी समस्यामा राज्यको व्यवहार अझै गम्भीर प्रश्नको विषय हो। सुकुमवासीलाई विस्थापित गरेपश्चात् उचित खानपानको अभाव, स्वास्थ्य हेरचाहको कमी र मनोसामाजिक परामर्शको अभावले गर्दा केही व्यक्तिले आ नो ज्यानसमेत गुमाइसकेका छन्। व्यवस्थापनको अभाव, पर्याप्त तयारीबिना गरिएको हस्तक्षेप, मानव जीवनप्रति असंवेदनशीलता– यी सबैले देखाउँछ कि राज्य कहिलेकाहीं समस्या समाधानका नाममा मान्छेको जीवनलाई केवल तथ्यांकका रूपमा मात्रै हेर्न गर्छ। सुकुमवासी समस्या केवल अवैध संरचनाको समस्या होइन, त्यो जीवन, गरिबी, विस्थापन र राज्यको दीर्घकालीन विफलतासँग जोडिएको विषय हो। यदि राज्यसँग पर्याप्त पुनःस्थापना योजना छैन, संवाद छैन, संवेदनशीलता छैन भने डोजर चलाउनु केवल शक्ति प्रदर्शन थियो। तर राज्यलाई त नतिजा देखाउनु छ– कुनै निर्णय किन गरियो ? केका आधारमा गरियो ? किन व्यक्तिको ज्यान गयो ? पुनर्वासका योजना के–के छन् ? यसबारे न सरकार खुलेर बोलेको छ, न सरकार प्रमुख।

यो प्रवृत्ति केवल नेपालमा होइन, विश्वका धेरै ठाउँमा देखिएका छन्। ‘ग्रेट लिप फरवार्ड’ को समयमा माओ त्से तुङ नेतृत्वको चीनले राजनीतिक महत्त्वाकांक्षा राखी तीव्र विकास र उत्पादनका नाममा अवास्तविक उत्पादन लक्ष्य र नीतिहरू लागू गऱ्यो, आलोचना र वास्तविक तथ्य दबाइयो, जसको परिणामस्वरूप ‘ग्रेट चाइनिज फेमिन’ जस्तो भयावह घटना भयो, जहाँ करोडौं मानिसले ज्यान गुमाए। ‘ग्रेट लिप फरवार्ड’ ले एउटा महत्त्वपूर्ण पाठ सिकायो कि केवल ‘नतिजा’ र ‘गति’ लाई प्राथमिकता दिने सरकार र आलोचना, यथार्थ र मानवीय जीवनलाई बेवास्ता गर्ने सरकार अत्यन्त खतरनाक हुन सक्छ। टर्किएका राष्ट्रपति एर्दोआनले राजनीतिक स्थायित्व, तीव्र निर्णय क्षमता र ‘प्रभावकारी शासन’ का नाममा कार्यकारी शक्ति अत्यधिक केन्द्रित गरे, जसले बिस्तारै संसद्, न्यायपालिका र प्रेसजस्ता लोकतान्त्रिक संस्थाहरू कमजोर बन्न पुगे। विकास र दरो नेतृत्वको भाष्यसँगै आलोचना, असहमति र संस्थागत सन्तुलनलाई बेवास्ता गरिँदा ‘नतिजामुखी शासन’ कसरी लोकतान्त्रिक पतनतर्फ जान सक्छ भन्ने टर्किए एउटा महत्वपूर्ण उदाहरणका रूपमा रहेको छ। इतिहासले बारम्बार देखाएको छ, केवल परिणाममा केन्द्रित राज्य अन्ततः निरंकुश हुँदै जान्छ।

लोकतन्त्रमा राज्यको प्रभावकारिता केवल छिटो निर्णय गरेर मात्रै देखिँदैन। हालको समयमा प्रभावकारितालाई गलत रूपमा गतिसँग दाँजिँदै छ। यदि सरकारले छिटो सडक बनायो तर त्यस क्रममा हजारौं मानिसको अधिकार उल्लंघन भयो भने त्यो प्रभावकारिता होइन। यदि सरकारले छिटो कानुन ल्यायो तर त्यसले संसद्, बहस र संशोधनको प्रक्रियालाई नै ठाउँ दिएन भने त्यो प्रभावकारिता होइन। छिटो काम गर्नु नै प्रभावकारी शासन हो भन्ने बुझाइ नै खतरनाक छ। वास्तविक दक्षता मापन गर्ने धेरै मापदण्ड हुन्छन्। निर्णय प्रक्रियामा पारदर्शिता थियो कि थिएन ? प्रभावित समुदायसँग परामर्श भयो कि भएन ? मानवअधिकारको सम्मान गरियो कि गरिएन ? निर्णय दीर्घकालीन रूपमा दिगो छ कि छैन ? नागरिकले न्याय पाउने अवसर पाए कि पाएनन् ? राज्यले आ ना गल्ती सच्याउने संयन्त्र खुला राख्यो कि राखेन ? एउटा निरंकुश सरकार प्रायःजसो छिटो–छिटो निर्णय गर्ने र नतिजामुखी देखिन्छ तर तत्काल नतिजा हासिल गर्ने मोहमा गरिएका हतारका

–बाँकी तीन पेजमा

## लोकतन्त्रमा प्रक्रिया...

निर्णयहरूले नागरिक अधिकार, न्याय र दीर्घकालीन स्थायित्वलाई प्रायः कमजोर बनाएको हुन्छ। तर लोकतन्त्रमा विधि र प्रक्रिया (ड्यु प्रोसेस) पूरा नगरी लिइएका लोकप्रिय निर्णयले लोकतन्त्रका स्तम्भलाई नै कमजोर बनाइरहेको हुन्छ। लोकतन्त्रमा विधि र प्रक्रिया विलासिता होइन, सुरक्षा कवच हो। राज्य अक्सर शक्तिशाली हुन्छ र नागरिक कमजोर। तसर्थ विधि र प्रक्रियाले नागरिकलाई राज्यबाट जोगाउँछ। अदालत, संसद्, सार्वजनिक सुनुवाइ, प्रेस, प्रतिपक्ष– यी सबैले राज्यलाई केही सुस्त त बनाउँछन् तर यही सुस्तता लोकतन्त्रको सुरक्षा हो र लोकतन्त्र जानाजानी सुस्त बनाइएको प्रणाली हो ताकि सरकारको शक्ति असीमित नहोस्। आज नेपालमा अध्यादेशमार्फत कानुन ल्याउने प्रवृत्ति पनि यही मानसिकताको संकेत हो। सरकारले भन्छ, 'धेरै काम बाँकी छ, त्यसैले अध्यादेश आवश्यक छ।' निःसन्देह, अध्यादेश संवैधानिक व्यवस्था हो तर यसको उद्देश्य संसद् चल्न नसकेको वा तत्काल कानुनी हस्तक्षेप आवश्यक भएको विशेष परिस्थितिका निम्ति हो, नियमित कानुन निर्माण प्रक्रियाको विकल्प बनाउनु होइन। तर संसद् सञ्चालनमा रहेको, सरकारसँग लगभग दुईतिहाइ बहुमत रहेको र विधेयक पारित गराउन पर्याप्त राजनीतिक शक्ति भएको अवस्थामा अध्यादेशको सहारा लिनु आवश्यकताभन्दा बढी संसदीय प्रक्रियाप्रतिको अधैर्यताको संकेत देखिन्छ। यस्तो परिस्थितिमा अध्यादेशबाट कानुन ल्याउने निर्णयले के गर्छ त ? यसले संसदीय प्रक्रियालाई नै 'बाइपास' गर्छ। यसले विपक्षलाई संशोधन प्रस्ताव गर्ने अवसर खोस्छ। यसले बहस छोट्याउँछ। यसले कानुन निर्माणलाई कार्यपालिकाको सहजतामा सीमित गर्दछ र सम्पूर्ण शक्ति कार्यपालिकामा केन्द्रित हुन जान्छ। संसदीय लोकतन्त्रमा संसद् केवल कानुन पास गर्ने मेसिन होइन। यो राष्ट्रिय बहसको थलो हो। यहाँ प्रश्न उठ्नुपर्छ, संशोधन आउनुपर्छ, असहमति सुनिनुपर्छ। यदि सरकारले संसद्लाई बोझ सम्झन थाल्यो भने त्यो लोकतन्त्रका लागि खतरनाक संकेत हो।

र, साथै संसदीय लोकतन्त्रमा, प्रधानमन्त्रीको संसद्प्रतिको उत्तरदायित्व पनि एक आधारभूत तत्त्व हो। तर, यदि प्रधानमन्त्री संसद्मा उपस्थित नै हुँदैनन्, सांसदको प्रश्नको जवाफ दिँदैनन्, राष्ट्रलाई सम्बोधन गर्न आवश्यक ठान्दैनन् भने त्यसले एउटा खतरनाक सन्देश दिन्छ कि जनताको प्रत्यक्ष प्रतिनिधित्व गर्ने संस्था त्यति महत्त्वपूर्ण छैन। जनताले निर्वाचित गरेर पठाएको जनप्रतिनिधिहरूको आवाज नसुन्नु भनेको जनताको आवाज नसुन्नुसरह नै हो। लोकतन्त्रको संकट सधैं गोलीबाट सुरु हुँदैन, त्यो प्रश्न हराउन थालेपछि सुरु हुन्छ, त्यो जवाफदेहिताको अभावमा फस्टाउँछ। आज नेपालमा पनि एउटा भाष्य निर्माण भइरहेको छ, 'काम गर्ने सरकारलाई धेरै प्रश्न नगर्नुहोस्।' तर लोकतन्त्रमा प्रश्न रोकिएको दिनदेखि नागरिक सत्ता कमजोर हुन थाल्छ। सरकारले बुझ्नुपर्छ, जनताले केवल परिणाम खोजेका होइनन्। उनीहरूले सम्मान पनि खोजेका छन्। न्याय पनि। सुन्ने कान पनि। संवेदनशीलता पनि। र, न्यायोचित व्यवहार पनि। यदि राज्यले केवल नतिजा र प्रभावकारिता खोज्यो र मानवता बिर्सियो भने त्यो विकास होइन, कठोरता हो। यदि सरकारले केवल गति देख्यो र विधि प्रक्रिया बिर्सियो भने त्यो सुशासन होइन, अधैर्यता हो। यदि सरकारले केवल नतिजा मात्रै देख्यो र लोकतन्त्र बिर्सियो भने त्यो अन्ततः निरंकुशतातर्फको यात्रा हो। तसर्थः लोकतन्त्रमा सबैभन्दा ठूलो शक्ति 'नतिजा' होइन, वैधता हो। त्यो वैधता चुनाव जितेर मात्रै आउँदैन। यो एक निरन्तर प्रक्रिया हो– यो नागरिकको सम्मान गरेर आउँछ। आलोचना सुनेर आउँछ। संसद्लाई सम्मान गरेर आउँछ। विधि र प्रक्रियालाई मानेर आउँछ। किनकि अन्ततः इतिहासले सहरको सौन्दर्यीकरण मात्रै सम्झिँदैन। इतिहासले यो पनि सम्झिन्छ कि सहरलाई सुन्दर बनाउँदै गर्दा राज्यले आ ना नागरिकसँग कस्तो व्यवहार गर्‍यो ?

## प्रदेशमा आफ्नै...

'अधिकारविहीन' बनाइएको टिप्पणी समेत गर्नुभयो। उहाँले सडक दुर्घटना न्यूनीकरणका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको भए पनि स्रोत, साधन र अधिकार अभाव प्रमुख चुनौती बनेको बताउनुभयो।

यस्तै, कार्यक्रममा श्रम तथा यातायातमन्त्री शारदादेवी थापाले सडक दुर्घटना न्यूनीकरणका लागि जनचेतना विस्तार अत्यावश्यक रहेको बताउनुभयो। उहाँले विद्यालय तहमा ट्राफिक नियमबारे शिक्षा दिइएको अभ्यासलाई सकारात्मक भन्दै आगामी दिनमा महिला समूह तथा समुदायस्तरमा पनि सचेतना कार्यक्रम विस्तार गर्नुपर्नेमा जोड दिनुभयो। त्यसैगरी, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष राजकुमार सिंहले सडक सुरक्षासम्बन्धी विषयमा व्यापक छलफल आवश्यक रहेको उल्लेख गर्दै प्रमाणमा आधारित नीति निर्माण, सडक संरचनामा सुधार तथा समन्वय र सहकार्य सुदृढ गर्नुपर्ने बताउनुभयो।

प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक ओमप्रसाद अधिकारीले ट्राफिक प्रहरीलाई प्रभावकारी रूपमा जिम्मेवारी दिनुपर्ने आवश्यकता औंल्याउनुभयो। उहाँले पर्याप्त बजेट र अधिकारबिना ट्राफिक व्यवस्थापन प्रभावकारी नहुने बताउँदै सडक दुर्घटनाका कारण पहिचान गरी नीतिगत सुधार गर्नुपर्नेमा जोड दिनुभयो।

भौतिक पूर्वाधार विकास मन्त्रालय मधेशका सचिव ओमराज ढुङ्गानाले सडक सुरक्षामा सुधारका लागि सबै सरोकारवाला निकायबिच सामूहिक प्रयास आवश्यक रहेको बताउनुभयो। पूर्वाधार विकास मन्त्रालयका सहसचिव इन्जिनियर शुभराज न्यौपानेले सडक सुरक्षा विषयलाई विद्यालय तहको पाठ्यक्रममा समावेश गर्नुपर्ने सुझाव दिनुभयो। मन्त्रालयका सहसचिव ई. न्यौपानेको अध्यक्षता आयोजित कार्यक्रममा प्रदेश सांसद तथा अर्थ तथा योजना समितिका सभापति अनिता शाह, प्रदेश सांसद अन्जना पण्डित, स्थानीय जनप्रतिनिधि, जिल्ला प्रशासन कार्यालय धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइटेल, कर्मचारी, सुरक्षा निकायका प्रमुख लगायतको सरोकारवाला निकायका पदाधिकारी प्रतिनिधिको सहभागिता रहेको थियो। एसियाली विकास बैंक ( एडिबी), राष्ट्रिय सडक सुरक्षा परिषद् नेपाल तथा मधेश प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयको संयुक्त आयोजनामा कार्यक्रम आयोजना भएको थियो।

## व्यापारिक भवन...

ल्याउन नसकिएको स्वीकार गर्नुभएको छ। लालबन्दी नगरपालिकाको वडा नं. ४, ७, ८, १० लगायतका स्थानमा निर्माण गरिएका यस्ता व्यापारिक तथा अन्य प्रयोजनका भवन प्रयोगविहीन अवस्थामा छन्।

नगर विकास कोषको ऋण सहयोगमा लालबन्दी नगरपालिका–७, डुमडुमेमा निर्माण गरिएको व्यापारिक कम्प्लेक्स पनि लामो समयदेखि अलपत्र रहेकाले दिनानुदिन जीर्ण बन्दै गएको छ। छ करोड ४१ लाख ६० हजार ३६२ रुपियाँ खर्चिएर निर्माण गरिएको भवन भाडामा लगाउन नगरपालिका कार्यालयले बारम्बार सूचना प्रकाशित गर्दै आइरहेको छ। लालबन्दीको छिमेकी पालिका हरिवनमा पनि करोडौँ खर्चिएर निर्माण गरिएको व्यापारिक भवनको अवस्था उस्तै छ। हरिवन नगरपालिका–११, बजारमा आठ वटा बेग्लाबेग्लै व्यापारिक भवन निर्माण गर्न हरिवन नगरपालिकाले १३ करोड ८६ लाख ७७ हजार ३४८ रुपियाँ खर्च गरेको छ।

उक्त व्यापारिक भवनमा १४६ वटा सटर छन्। उद्योग वाणिज्य स हरिवनका अध्यक्ष प्रयागराज पोतेले भवनमा पानी, बिजुली, शौचालयको उचित व्यवस्थापन नहुँदा व्यापारी बस्न नसकेको बताउनुभएको छ। भवनलाई व्यवस्थित गरिदिन नगरपालिका कार्यालयलाई कैयौँ पटक ध्यानाकर्षण गराए पनि सुनुवाइ नभएको उद्योग वाणिज्य स का अध्यक्ष पोतेको आरोप छ। उहाँले भन्नुभयो, "भवनमा नगरपालिकाले जति भाडादर कायम गरे पनि व्यापारी बस्न त तयार नै छन् तर पहिले त्यसलाई व्यवस्थित पारिदिनु पर्छ। "हरिवन नगरपालिकाका प्रमुख रमेश बुढाथोकी (कमल) ले बजारको व्यापारिक भवनका आधासरो सटर भाडामा लागिसकेको दाबी गर्नुभयो। भवन बन्दा नै अव्यस्थित किसिमले निर्माण भएकाले पनि भाडा लाग्न गाह्रो परेको नगरप्रमुख बुढाथोकीको भनाइ छ। भवन निर्माण हुनासाथ कोरोना भाइरसको महामारी सुरु भई अर्थतन्त्र शिथिल भएपछि समस्या पैदा भएको नगरप्रमुख बुढाथोकीले बताउनुभयो। उहाँले भन्नुभयो, "आधाउधी त भाडा लागेको छ, अब बाँकी कोठा पनि भाडा लगाउन प्रयासरत नै छौँ।"

लालबन्दी र हरिवनबाहेक जिल्लाको हरिपुर, ईश्वरपुर, बरहथवा, मलङ्गवालगायत पालिकामा निर्माण गरिएका व्यापारिक तथा अन्य प्रयोजनका लागि भनी निर्माण गरिएका भवन पनि प्रयोगविहीन रहेका छन्। नागरिक समाज सर्लाहीका महासचिव शिवचन्द्र चौधरीले जथाभाबी बजेट खर्चिएर भवन निर्माण गर्ने अनि अलपत्र छाड्ने प्रवृत्ति मौलाउँदै गएको बताउनुभएको छ। पहुँचका आधारमा बजेट ल्याएर भवन निर्माण गर्ने तर प्रयोग गर्नेतर्फ उचित ध्यान नदिने प्रवृत्ति रहेको चौधरीको भनाइ छ। उहाँले भन्नुभयो, "यो पनि एक प्रकारको अनियमितता नै हो, यसरी जथाभाबी भवन बनाएर प्रयोगमै नल्याउने प्रवृत्तिको अन्त्य हुन जरुरी छ।"

आवश्यक भएका ठाउँमा भवन नभएर सेवा दिनै अप्ठ्यारो परिरहेको हुने तर करोडौँ खर्चिएर बनाइएका भवन भने सडेर गइरहेकोप्रति उहाँले चिन्ता व्यक्त गर्नुभयो। धेरै ठाउँमा कक्षाकोठाको अभावमा विद्यार्थीले पढ्न नपाएको र स्वास्थ्य संस्था साँघुरो भवनबाट सञ्चालन भइरहेका भए पनि बजेट सक्नकै लागि जथाभाबी व्यापारिक तथा अन्य प्रयोजनका भवन बनाएर छाड्ने परिपाटी विकास भएको नागरिक समाजका महासचिव चौधरीले बताउनुभयो।


## गर्मीमा विद्युत्...

उपमहानगरपालिका–८ का रोशन राउतले बिनासूचना लाइन काट्ने प्रवृत्ति बढेको भन्दै आक्रोश व्यक्त गरे। यस्तै, वडा नम्बर १० का निकेश कर्णले पूर्वजानकारीबिना हुने कटौतीका कारण घरमा रहेका विद्युतीय उपकरणहरू बिग्रिने जोखिम बढेको गुनासो गरे।

४ अर्बको परियोजना सुरु

मधेस प्रदेशमा कुल २३ वटा वितरण केन्द्रमार्फत विद्युत् प्रवाह भइरहेको छ। प्रदेशभरिबाट अनियमित विद्युत् आपूर्तिबारे गुनासो बढेपछि प्राधिकरण मधेस प्रादेशिक कार्यालयका प्रमुख शम्भु कुसियैत यादवले अत्यधिक गर्मीका कारण ट्रान्सफर्मर तथा मेसिनहरू तातेर बिग्रने गरेको बताए। 'मौसम अनुकूल छैन र हाम्रा पुराना संरचनाले अत्यधिक लोड धान्न सकिरहेका छैनन्,' यादवले भने। समस्या समाधानका लागि प्रदेशभर करिब ४ अर्ब रुपैयाँको लगानीमा ५२५ वटा नयाँ ट्रान्सफर्मर जडान गर्ने परियोजना सुरु भइसकेको उनले जानकारी दिए। उपभोक्ताका गुनासा सुन्न आफू राति १२ बजेसम्म कल सेन्टरमै रहने गरेको दाबी गर्दै उनले विगतको तुलनामा सुधार हुँदै गएको र आगामी दिनमा थप सुधार हुने अपेक्षा गरिएको बताए। करिब ६४ लाख जनसंख्या भएको मधेस प्रदेशमा विद्युत् सेवाको नियमितता उद्योग, शिक्षा, स्वास्थ्य र सूचना प्रविधिसहितका दैनिक गतिविधिहरूसँग प्रत्यक्ष जोडिएको छ। नागरिकहरूले तत्काल भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्तिको व्यवस्था मिलाउन र यसको दीर्घकालीन समाधान खोज्न माग गरिरहेका छन्।

# शक्तिशाली बोर्डको अवधारणासहित किसानमैत्री नीति ल्याइने



काठमाडौँ, ४ असार। कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले कानुन संशोधन गरी राष्ट्रिय दुग्ध विकास बोर्डलाई अझ शक्तिशाली र आत्मनिर्भर बनाई किसानमैत्री नीति तथा कार्यक्रम ल्याइने बताएकी छन्। आज ललितपुरस्थित राष्ट्रिय दुग्ध विकास बोर्डमा दुग्ध व्यवसायीहरुसँग भएको छलफल कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री चौधरीले दूधको उत्पादन, लागत र बजारलाई दृष्टिगत गरी समयसमयमा मूल्य निर्धारण गर्ने, दुग्धजन्य पदार्थ नकिन्ने र समयमा भुक्तानी नदिने व्यवसायीलाई कारबाही गर्ने पक्षमा सरकार रहेको बताएकी हुन्।

दुग्ध विकास बोर्ड तथा संस्थानमा राजनीति हाबी भएको, विचौलियाको चलखेल हुने गरेको तथा व्यवस्थापनपक्ष कमजोर देखिएको उल्लेख गर्दै उनले विद्युत्लगायत अत्यावश्यक क्षेत्रमा सहुलियतको व्यवस्था गरी दुग्ध व्यवसायमा संलग्न किसानसहित दुग्ध उद्योग र संस्थानका पक्षमा मन्त्रालय रहेको स्पष्ट गरिन्। बोर्डका निमित्त कार्यकारी निर्देशक डा बालक चौधरीले बोर्डलाई नियमन, प्रवर्द्धन र अनुगमनसहितको अधिकार दिनुपर्नेमा जोड दिँदै खाद्य ऐनले व्यवस्था गरेकोभन्दा कम गुणस्तरको दूध बिक्री वितरण भइरहेको भन्ने सन्दर्भमा यथासक्य चाँडो अनुगमन गरी समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गरिन्। दुग्ध विकास संस्थानका महाप्रबन्धक डा शरणकुमार पाण्डेले दुग्ध किसान र उद्योगी प्रोत्साहित हुनेगरी किसानमुखी कार्यक्रम ल्याइएको उल्लेख गर्दै गैरव्यावसायिक र असन्तुलित तरिकाबाट उद्योग व्यवसाय सञ्चालन हुँदा किसान मारमा परेको यथार्थलाई सम्बोधन गर्नेगरी संस्थानमा काम भइरहेको जानकारी दिए।

# राष्ट्रिय परिचयपत्र आफैँले डाउनलोड गर्न सकिने




काठमाडौँ, ४ असार। सरकारले राष्ट्रिय परिचयपत्र सम्बन्धित व्यक्तिले नै डाउलोड गर्न मिल्ने सेवा सुरु गरेको छ। राष्ट्रिय परिचयत्रप तथा पञ्जीकरण विभागले आजदेखि परीक्षणका रूपमा उक्त सेवा सुरु गरेको हो। विभागको राष्ट्रिय परिचयपत्रसम्बन्धी वेभसाइट मार्फत व्यक्तिको फोटो र अनलाइन 'भेरिफिकेसन' क्युआर कोडसहितको परिचयपत्र कार्ड डाउनलोड गर्न सकिनेछ। सरकारको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीअन्तर्गत बुँदा नं २ मा 'विभागको प्रणालीबाट व्यक्तिको फोटो र क्युआर कोडसहितको राष्ट्रिय परिचयपत्र कार्ड सम्बन्धित व्यक्तिले नै डाउनलोड गर्ने प्रणाली निर्माण गर्ने' उल्लेख थियो। राष्ट्रिय परिचयपत्र नम्बर प्राप्त भएका नागरिकले नाम ( नेपाली वा अङ्ग्रेजी), जन्ममिति र नागरिकता जारी मिति पेस गरी आ नो कार्ड डाउनलोड गर्न सक्ने विभागले जनाएको छ। कुनै पनि सार्वजनिक निकाय वा संस्थाले हाल विभागको प्रणालीबाट पिन्ट गरिएको फोटोसहितको राष्ट्रिय परिचय नम्बरको निस्सा हेरी सेवा प्रवाह गर्ने गरेकामा अब उप्रान्त सो कार्डमा रहेको क्युआर कोड स्क्यान गरी देखिने विवरण र नागरिकले देखाउने निस्सामा रहेका विवरण रुजु गरी सेवा प्रवाह गर्न विभागले अनुरोध गरेको छ।

# सामाजिक सञ्जालमा भ्रामक विज्ञापन नगर्न विज्ञापन बोर्डको आग्रह




काठमाडौं, ४ असार। सामाजिक सञ्जालमार्फत आधारहीन तथा भ्रामक विज्ञापन प्रकाशन तथा प्रसारण गरेको भेटिए कारबाही गरिने विज्ञापन बोर्डले जनाएको छ। विज्ञापन बोर्डले बिहीबार सार्वजनिक सूचना जारी गर्दै प्रचलित कानुनले निषेध गरेका, आवश्यक लेबलिङ, ब्रान्डिङ तथा आधिकारिक प्रमाणीकरण नभएका औषधिजन्य पदार्थ तथा सामग्रीको विज्ञापन सामाजिक सञ्जालमा बढ्दै गएको भन्दै त्यस्ता गतिविधि तत्काल रोक्न निर्देशन दिएको हो।

बोर्डका प्रमुख प्रशासकीय अधिकृत देवी पाण्डे खत्रीले सामाजिक सञ्जालमार्फत विभिन्न औषधिजन्य सामग्रीको भ्रामक प्रचारप्रसार गरी सर्वसाधारणलाई भ्रममा पार्ने, ठगी गर्ने तथा जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने आधारभूत मापदण्डसमेत उल्ल न भएको विषयमा उजुरीसमेत परेका जानकारी दिए। यस्ता विज्ञापनले उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्नुका साथै झुट्टा दाबीका आधारमा आर्थिक ठगीसमेत हुने जोखिम बढाएको बोर्डको भनाइ छ। बोर्डले विशेषगरी कपाल उमार्ने, कपाल लामो वा बाक्लो बनाउने, हा तथा नसासम्बन्धी पीडा निको पार्ने, शरीरको बोसो घटाउने, किड्नी सफा गर्ने, शरीरका विषाक्त पदार्थ हटाउनेलगायत दाबी गरिएका औषधिजन्य पदार्थ तथा अन्य समान प्रकृतिका सामग्रीको प्रचार सामाजिक सञ्जालमार्फत व्यापक रूपमा भइरहेको जनाएको छ। यस्ता सामग्रीको प्रभावकारिताबारे वैज्ञानिक आधार, आधिकारिक स्वीकृति वा आवश्यक प्रमाणीकरणबिना आकर्षक प्रचार सामग्री तयार गरी सर्वसाधारणलाई भ्रमित बनाउने कार्य बढ्दो क्रममा रहेको बोर्डले उल्लेख गरेको छ। सूचनामा विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा ५ तथा अन्य प्रचलित कानुनविपरीत कुनै पनि विज्ञापन प्रकाशन वा प्रसारण नगर्न तथा नगराउन सम्बन्धित विज्ञापनदाता, विज्ञापन एजेन्सी, सामग्री उत्पादक, बिक्रेता, डिजिटल प्लेटफर्म सञ्चालक तथा सामाजिक सञ्जाल प्रयोगकर्तासहित सबै पक्षलाई सचेत गराइएको छ। कानुनविपरीतका विज्ञापनले उपभोक्ताको स्वास्थ्य, सुरक्षा तथा आर्थिक हितमा प्रतिकूल असर पुर्‍याउने भएकाले त्यस्ता गतिविधिमा संलग्न नहुनसमेत बोर्डले आग्रह गरेको छ। त्यसैगरी, बोर्डले चिकित्सकको सिफारिसमा मात्र बिक्री वितरण गरिने औषधिकोसमेत सामाजिक सञ्जालमा भ्रामक विज्ञापन भइरहेको गुनासो आएको जनाएको छ। आवश्यक लेबलिङ, ब्रान्डिङ तथा आधिकारिक प्रमाणीकरण नभएका औषधि वा सामग्रीको प्रचारप्रसारले भ्रम र अफवाह फैलाउने तथा सर्वसाधारणलाई गलत उपचारतर्फ आकर्षित गर्ने जोखिम रहेको बोर्डको निष्कर्ष छ। यस्ता भ्रामक विज्ञापन प्रकाशन वा प्रसारण भएको पाइएमा तत्काल विज्ञापन बोर्डमा उजुरी गर्न पनि बोर्डले अनुरोध गरेको छ। प्राप्त उजुरीका आधारमा आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइने जनाएको छ।

# ३५ वर्षदेखि बिग्रिएको औद्योगिक क्षेत्र सुधार गर्दै छुः मन्त्री यादव

काठमाडौं, ४ असार। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री गौरी यादवले विगत ३५ वर्षदेखि थला परेको र बिग्रिएको औद्योगिक क्षेत्रको व्यवस्थापनमा आफू सुधारको काम गरिरहेको बताएकी छिन्। विकास, आर्थिक मामिला तथा सुशासन समितिको बिहीबारको बैठकमा सांसदहरूले उठाएको सवालको जवाफमा मन्त्री यादवले लामो समयदेखि थुप्रिएका समस्याहरूलाई सच्याउँदै औद्योगिक क्षेत्रलाई चलायमान बनाउन आफू निर्मम बनेर अघि बढेको स्पष्ट पारिन्। मन्त्री यादवले भनिन्, '३५ वर्षदेखि बिग्रिएको र थला परेको चिजलाई सच्याउन र सफा गर्न म अहिले खटिरहेकी छु विगतमा औद्योगिक क्षेत्रको नाममा जग्गा कब्जा गर्ने र राज्यलाई भाडा नतिर्ने प्रवृत्तिले गर्दा यो क्षेत्र तहसनहस भएको छ, त्यसलाई सुधारेरै छाड्छु।' उनले विगतको विकृति अन्त्य गर्न आफूले प्रशासनिक कडाइ सुरु गरेको समेत उल्लेख गरिन्। सुधारको प्रयास स्वरूप मन्त्रालयले लामो समयदेखि नउठेको बक्यौता असुल गर्न थालेको मन्त्री यादवले जानकारी दिइन्।

केही दिनको सूचनाका आधारमा मात्रै अहिलेसम्म २३ करोड रुपैयाँभन्दा बढी बक्यौता असुल भइसकेको छ मन्त्री यादवले भनिन्, 'हामीले कतिपय उद्योगको लाइन काट्नेसम्मको निर्मम निर्णय लिनुपरेको छ यो काम बिग्रिएको थिति बसाल्न र राज्यको ढुकुटी जोगाउनका लागि हो।' मन्त्री यादवले राज्यले सस्तो दरमा उद्योग खोल्न उपलब्ध गराएको जग्गामा केही व्यवसायीले गाडीको शोरुम र अन्य गैर-औद्योगिक व्यवसाय सञ्चालन गरिरहेको भन्दै असन्तुष्टि जनाइन्। 'हामीले उद्योग खोल्न दिएको जग्गामा शोरुम बनाउन दिइएको होइन,' उनले भनिन्, 'अब यस्ता विकृतिहरू चल्दैनन्, म कानुन बमोजिम कडाइका साथ अघि बढ्छु।'मन्त्री यादवले मन्त्रालय मातहतमा कतै पनि गडबडी भए आफूलाई सिधै खबर गर्न समितिका सदस्यहरूलाई आग्रह गर्दै, आफू सन्ततिको भविष्यका लागि सुशासन कायम गर्न दृढ रहेको बताइन्। उनले समितिको मार्गदर्शनलाई स्वीकार गर्दै औद्योगिक क्षेत्रको सुधारमा लाग्ने प्रतिबद्धतासमेत दोहोर्‍याइन्।


# ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवा विस्तार गर्न थप १६ सय पूर्वाधार निर्माणको तयारी

काठमाडौं, ४ असार। सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले देशभर दूरसञ्चार सेवाको गुणस्तर र पहुँच विस्तारका लागि थप करिब १६ सय नयाँ टेलिफोन टावर तथा सम्बन्धित पूर्वाधार (साइट) निर्माणको प्रक्रिया अगाडि बढाइएको बताएका छन्। प्रतिनिधि सभाको बुधबारको बैठकमा सांसदहरूले उठाएको प्रश्नको जवाफ दिँदै सञ्चारमन्त्री डा. तिमिल्सिनाले ग्रामीण तथा दुर्गम क्षेत्रमा दूरसञ्चार र इन्टरनेट सेवाको गुणस्तर कमजोर रहेको गुनासो धेरै आउने गरेको र त्यसको समाधानका लागि मन्त्रालय गम्भीरतापूर्वक लागिपरेको बताए।

उनले दूरसञ्चार सेवाको विस्तार तथा स्तरोन्नतिका लागि आगामी आर्थिक वर्षमा नेपाल टेलिकममार्फत मन्त्रालयको बजेटभन्दा बढी रकम लगानी हुने जानकारी दिए। ग्रामीण क्षेत्रमा सेवा विस्तार तथा गुणस्तर सुधारका लागि नेपाल टेलिकमले मात्रै आगामी आर्थिक वर्षमा रू ६ अर्ब भन्दा बढी लगानी गर्ने तयारी गरेको उनको भनाइ थियो। सञ्चारमन्त्री डा. तिमिल्सिनाका अनुसार हाल देशभर चार हजार ८२९ साइट सञ्चालनमा रहेका छन्। तीमध्ये कोशी प्रदेशमा ७६०, मधेसमा ५६८, बागमतीमा एक हजार २७७, गण्डकीमा ५९९, लुम्बिनीमा ८१९, कर्णालीमा ३०५ र सुदूरपश्चिममा ५०१ साइट सञ्चालनमा छन्।


उनले सेवाको पहुँच र गुणस्तरका आधारमा थप पूर्वाधार आवश्यक रहेको अध्ययनले देखाएको बताउँदै कोशीमा २५७, मधेसमा २२८, बागमतीमा ३८९, गण्डकीमा ७६, लुम्बिनीमा २००, कर्णालीमा १२१ र सुदूरपश्चिममा १७२ गरी देशभर एक हजार ४४३ नयाँ साइटको आवश्यकता पहिचान गरिएको जानकारी दिए। नेपाल दूरसञ्चार प्राधिकरण र नेपाल टेलिकमको मूल्याङ्कनअनुसार यी अतिरिक्त साइट सञ्चालनमा आएपछि देशभर दूरसञ्चार सेवाको गुणस्तर र पहुँचमा उल्लेखनीय सुधार हुने विश्वास व्यक्त गर्दै मन्त्री डा. तिमिल्सिनाले आवश्यकताभन्दा बढी पूर्वाधार निर्माणलाई लक्ष्य गरी करिब १६ सय साइटका लागि खरिद प्रक्रिया अघि बढाउन लागिएको बताए।

दूरसञ्चार उपकरणको अधिकांश सामग्री विदेशबाट खरिद गर्नुपर्ने भएकाले केही समय लाग्ने भए पनि मन्त्रालयले सम्बन्धित सेवा प्रदायक संस्थाहरूसँग नियमित समन्वय गरी समयसीमाभित्र काम सम्पन्न गर्न निर्देशन दिएको उहाँले जानकारी दिए। सञ्चारमन्त्री डा. तिमिल्सिनाले दूरसञ्चार सेवा सम्बन्धी जनगुनासोप्रति सरकार संवेदनशील रहेको उल्लेख गर्दै नागरिकले गुणस्तरीय सञ्चार सेवा प्राप्त गर्ने सुनिश्चितताका लागि तीव्र गतिमा काम भइरहेकोसमेत बताए।









मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट** : **मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)